केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/८/०७३/७४ मिति: २०७४/०२/२२

"घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७३ को निर्देशन नं.१७ को बुँदा नं. १७.१ अर्न्तगतको खण्ड (घ) लाई देहाय बमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

*(घ) यस व्यवस्था बमोजिम नयाँ संस्थापना भई सञ्चालनमा आएका लघुवित्त वित्तीय संस्थाहरुको हकमा खण्ड (ख) को प्रयोजनका लागि विपन्न वर्गमा प्रवाह भएको कर्जा रकम गणना गर्दा सो संस्था संस्थापना भई वित्तीय कारोबार शुरु गरेको मितिले ६ महिना व्यतित भएपछिको त्रयमासको अन्तमा बाँकी रहेको कुल सापटी रकमभन्दा त्यसपछिको त्रयमासको अन्तमा रहेको कुल विपन्न वर्ग कर्जा रकम कम रहे/नरहेको गणना गरिनेछ। (उदाहरणका लागि कुनै नयाँ सञ्चालनमा आएको लघुवित्त वित्तीय संस्थाले २०७३ भाद्र ५ गतेदेखि वित्तीय कारोबार शुरु गरेको भएमा २०७३ फाल्गुण ४ मा छ महिना व्यतित हुने हुँदा २०७३ चैत्र मसान्तको कुल सापटी रकम बराबर २०७४ असार मसान्तमा विपन्न वर्गमा कर्जा प्रवाह भए/नभएको गणना गरिनेछ।)*

भवदीय,

२/२२

(नारायणप्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।